# नेपाल कानून आयोगको राय सुझाव सङ्कलन सम्बन्धी कार्यविधि, २०७०

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नेपाल कानून आयोगको राय सुझाव सङ्कलन सम्बन्धी कार्यविधि, २०७०" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले नेपाल कानून आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले नेपाल कानून आयोग ऐन, २०६३ सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले नेपाल कानून आयोगको राय सुझाव सङ्कलन सम्बन्धी कार्यविधि, २०७० सम्झनुपर्छ ।

(घ) "राय सङ्कलन" भन्नाले ऐनको दफा १० को देहाय खण्ड (झ) को प्रयोजनार्थ यस कार्यविधि बमोजिम गरिने राय सङ्कलनको कार्य सम्झनुपर्छ ।

३. **आयोगले सार्वजनिक राय सङ्कलन गर्न सक्ने** : (१) आयोगले ऐनको दफा १० को देहाय खण्ड (झ) को अधिनमा रही आवश्यक राय सुझाव सङ्कलन सम्बन्धी कार्य गर्ने गराउनेछ ।

(२) कुनै अध्ययन, अनुसन्धान वा कानूनको निर्माण वा सुधार गर्ने प्रयोजनका लागि आयोगले सार्वजनिक राय सङ्कलन गर्ने कार्यको थालनी अध्ययनको प्रारम्भ, मध्य वा अन्तिम अवस्था मध्ये उपयुक्तता र औचित्यका आधारमा निर्धारण गर्नेछ । यस्तो निर्धारण गर्ने अधिकार आयोगमा सुरक्षित हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले अध्ययन प्रतिवेदन वा मसौदालाई अन्तिम रुप दिनु अघि सामान्तयाः त्यस्तो राय सुझाव सङ्कलन गरी सक्नुपर्नेछ ।

नेपाल कानून आयोग

४. **राय सङ्कलन विधि:** (१) दफा ३ बमोजिम राय सुझाव सङ्कलन कार्य गर्दा आयोगले छलफल, अन्तरक्रिया, गोष्ठी, प्रश्नावली, अन्तरवार्ता, सर्वेक्षण वा उपयुक्त लागेको अन्य कुनै विधि अवलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विधि छनौट गर्दा राय सङ्कलनको उद्देश्य प्राप्ति हुने कुरालाई मुख्य आधार लिई उपयुक्त विधिको छनौट गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले उपयुक्तताका आधारमा सार्वजनिक सूचनाको माध्यमबाट कुनै विषयमा राय सुझाव लिन बाधा पर्ने छैन ।

५. **राय सङ्कलन कार्य गराउन सकिने**: (१) यस कार्यविधि बमोजिम राय सङ्कलन गर्ने कार्य गर्दा देहायको अवस्थाको कारणले गर्दा आयोगबाटै राय सङ्कलन गर्न सम्भव वा उपयुक्त नभएमा आयोगले अन्य कुनै व्यक्ति वा संस्था मार्फत राय सङ्कलन कार्य गराउन सक्नेछ,

(क) आयोगमा उपलब्ध जनशक्तिको विषयगत कार्यदक्षता, कार्यक्षमता, विशेषज्ञता वा उपलब्धता आदि कुनै कारणले आयोगबाट सो कार्य गर्न सम्भव नभएमा,

(ख) राय सङ्कलन गर्नुपर्ने विषयवस्तुमा आयोगले अन्य कुनै संस्थासँग सहकार्य गरिरहेको र उक्त संस्था वा व्यक्ति वा अन्य कुनै संस्था वा व्यक्ति मार्फत राय सङ्कलन गराउन बढी उपयुक्त भएमा,

(ग) आयोगले उपयुक्त देखेको अन्य कुनै कारण भएमा,

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम अन्य कुनै संस्था वा व्यक्ति मार्फत राय सङ्कलन कार्य गराउँदा उक्त संस्था वा व्यक्तिसँग गरिने सम्झौताका शर्तहरूको अधीनमा रही आयोगले राय सङ्कलन कार्य गराउनेछ ।

६. **राय सङ्कलन कार्यका लागि कर्मचारी खटाउन सक्ने**: (१) दफा ३ बमोजिम आयोग आफैंले राय सङ्कलनको कार्य गर्ने भएमा सो कार्यको लागि आयोगको कर्मचारी वा





नेपाल कानून आयोग

नेपाल सरकारको अन्य कुनै निकायको कर्मचारीलाई सम्बन्धित निकायको स्वीकृति लिई काममा खटाउन सक्नेछ ।

(२) दफा ४ बमोजिम अन्य कुनै संस्था वा व्यक्ति मार्फत राय सुझाव सङ्कलन गर्दाको अवस्थामा पनि आयोगले उपयुक्त देखेमा सो संस्थासँग समन्वय गरी आयोगको कुनै कर्मचारी वा नेपाल सरकारको अन्य कुनै निकायबाट प्रतिनिधित्व हुने गरी राय सुझाव सङ्कलन कार्यमा खटाउन सक्नेछ ।

७. **<u>राय सङ्कलन कार्यका लागि श्रोत साधनको व्यवस्था</u>**: (१) राय सुझाव सङ्कलन कार्य जुन विषयमा वा सन्दर्भमा गर्न लागिएको हो सो विषयमा अध्ययन, अनुसन्धान वा तर्जुमाका लागि  सिफारिश गरी पठाउने निकायले नै उक्त कार्यमा लाग्ने आर्थिक स्रोतको व्यवस्था गर्नुपर्नेछ । आर्थिक स्रोत बाहेक अन्य श्रोतको हकमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायबाट सिफारिश भई आएको कुनै कार्यका लागि राय सुझाव सङ्कलन गर्नुपर्ने अवस्थामा भने आयोगले नेपाल सरकारबाट स्वीकृत वार्षिक योजना भित्र परेको कार्यको सम्बन्धमा विनियोजित बजेटबाटै राय सुझाव सङ्कलन सम्बन्धी कार्य गर्नेछ ।

(३) राय सुझाव सङ्कलन गर्नु पर्ने विषय कुनै संस्थासँगको सहकार्यमा भएमा त्यस्तो अवस्थामा राय सङ्कलनमा लाग्ने आर्थिक श्रोतको व्यवस्था उक्त संस्थासँग गरिने सहकार्य सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

८. **<u>राय सङ्कलन कार्यका लागि कार्ययोजना निर्माण गर्नुपर्ने</u>**: राय सङ्कलनको कार्यक्रम तयार गर्दा स्पष्ट कार्ययोजना निर्माण गर्नुपर्नेछ । कार्ययोजना बनाउँदा लक्षित समूह, लागत, संलग्न जनशक्ति लगायत अन्य आवश्यक विषयको सम्पूर्ण विवरण उल्लेख गर्नुपर्नेछ ।

९. **<u>राय सङ्कलनका लागि विधि र ढाँचा निर्धारण</u>**: राय सुझाव सङ्कलनको लागि निर्णय गर्दा आयोगले राय सङ्कलन गर्नुपर्ने विषयवस्तुको स्वरुप र प्रकृति अनुरुप आवश्यक उपयुक्त ढाँचा र विधि समेत निर्धारण गर्नेछ ।

१०. **राय सङ्कलनमा विशेषज्ञको सेवा लिन सकिने**: आयोगले आवश्यक देखेमा राय सङ्कलन कार्यको लागि विशेषज्ञको सेवा लिन सक्नेछ । यस्तो सेवाका लागि विशेषज्ञलाई आवश्यकता हेरी निजसँग सेवा करार गरी वा कुनै शर्तमा कार्य गर्ने गरी सम्झौताद्वारा सेवा लिन सक्नेछ ।

११. **राय सङ्कलन कार्यमा अन्य निकायको सहयोग**: आयोगले राय सङ्कलनको कार्यमा आवश्यक देखेमा नेपाल सरकार वा सरकारको अन्य कुनै निकायको सहयोग लिन सक्नेछ ।

१२. **प्राप्त रायको विश्लेषण प्रक्रिया**: राय सङ्कलनबाट प्राप्त रायको विश्लेषणका लागि आयोगले उपयुक्त विधिको निर्धारण राय सङ्कलनको कार्ययोजनामा उल्लेख गर्नुपर्नेछ । यसरी निर्धारित प्रक्रिया बमोजिम आयोगले प्राप्त रायको विश्लेषण गर्नेछ । प्राप्त रायको सूचीकरण र विश्लेषण प्रक्रियाका लागि आवश्यकता अनुसार आयोगले विशेषज्ञको सहयोग लिन सक्नेछ ।

१३. **राय सङ्कलनको विस्तृत विवरण आयोगको बैठकमा पेश गर्नुपर्ने**: राय सङ्कलनको सम्बन्धमा गरिएका गतिविधि र विश्लेषणबाट प्राप्त निष्कर्षहरूको विवरण सहितको प्रतिवेदन आयोगको बैठकमा पेश गर्नुपर्नेछ ।

१४. **राय सङ्कलनको अवधि निर्धारण**: राय सुझाव सङ्कलनको निर्णय गर्दा राय सुझाव सङ्कलनको कार्य सम्पन्न गर्नुपर्ने अवधि समेत निर्धारण गर्नुपर्नेछ ।

१५. **राय सङ्कलन सम्बन्धी अन्य कार्य**: यस कार्यविधिमा उल्लेख भएका कार्यहरूका अतिरिक्त राय सङ्कलन कार्य सम्बन्धी अन्य आवश्यक विधि र प्रक्रिया आयोगको निर्णय बमोजिम हुनेछ ।

नेपाल कानून आयोग